# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
फ्याक्स: ०१-४४५०३५६
टोल फ्रि नं.: १६६००१२७७७७


पत्र संख्या:०७६/७७

च.नं. ४२५०

मितिः २०७७।०३।१९

श्री वडा कार्यालयहरु,
सवै,
कागेश्वरी मनोहरा नगरपालिका ।

**विषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७७।०३।१८ च.नं.१७६५ को प्राप्त पत्रानुसार "नेपालको संविधान बमोजिम आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षा अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा आएको हो । उक्त ऐनको दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाइरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था गरेको हुँदा विदेशी सरकारबाट नियमित रुपले निवृत्तभरण प्राप्त गरेका नेपाली नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनी मिति २०७७।०३।१७ (मा.मन्त्रीस्तर) बाट निर्णय भएको हुँदा सोही बमोजिम गर्नु गराउनुहुन" भनी लेखी आएकोले सोही अनुसार गर्नु गराउनुहुन यसै पत्रबाट जानकारीका लागि अनुरोध छ ।

२०७७।०३।१९

(गिरीराज ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत

**नोटः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्राप्त पत्रको प्रतिलिपि समेत यसै पत्रसाथ सम्लग्न गरी पठाइएको छ ।**

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन: ४२११५६१, ४२६४६८१
४२६२०५६, ४२००८९५
फ्याक्स: ४२०००१४

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र सङ्ख्या:- ०७६/०७७
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ५६६५

२०७७/३/१८

विषय: निर्णय कार्यानवयन गर्ने सम्बन्धमा।

श्री स्थानीय तह सबै।

उपरोक्त सम्बन्धमा नेपालको संविधान बमोजिम आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने उदेश्यका साथ सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा आएको हो। उक्त ऐनको दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था गरेको हुँदा विदेशी सरकारवाट नियमित रूपले निवृतिभरण प्राप्त गरिरहेका नेपाली नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनी मिति २०७७/०३/१७ (मा. मन्त्रीस्तर) वाट निर्णय भएको हुँदा सोही बमोजिम गर्नु गराउनुहुन जानकारीकालागि अनुरोध छ।

सावित्रा बस्नेत
शाखा अधिकृत

श्री पंजीकरण शाखा
सबै वडाहरू, कार्यालय र website facebook Page मा upload/प्रकाशन गरिदिनु।
२०७७/०३/१८

कागेश्वरी मनोहरा नगरपालिका
नगरपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल
दर्ता शाखा
दर्ता नं. १०४२
दर्ता मिति २०७७/३/१८